# बागमती प्रदेश सभा

## दोस्रो कार्यकाल

आठौं अधिवेशन

**बैठक संख्या : ०१**

सुचनापत्र - २

(बैठकको कारबाही संक्षिप्त विवरण)

२०८३ जेठ ११ गते, सोमबार

बागमती प्रदेश सभाको अठारौं अधिवेशनको पहिलो बैठक माननीय उपसभामुख श्री अपसरा चापागाईंको अध्यक्षतामा दिनको १:५० बजे प्रारम्भ भयो।

सर्वप्रथम माननीय सभामुखले माननीय प्रदेश प्रमुखबाट अधिवेशन आव्हान सम्बन्धी निम्नलिखित पत्रको बेहोरा पढेर सुनाउनुभयोः-

बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको अठारौं अधिवेशन संवत् २०८३ साल जेठ ११ गते सोमवार दिउँसो १:०० बजे आह्वान गरेको छु।

०८ जेठ, २०८३

दीपक प्रसाद देवकोटा
प्रदेश प्रमुख

तत्पश्चात् सभाले नेपालको राजनैतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्ने सबै ज्ञात/अज्ञात शहीदहरू प्रति भाव पूर्ण श्रद्धाञ्जली अर्पण गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो।

त्यसपछि माननीय सभामुखले प्रदेश सभाको अधिवेशन प्रारम्भको अवसरमा सभाका सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत गर्नुभयो। आजबाट सुरु भएको यो अधिवेशन कानुन निर्माण कार्यमा सफल हुनेछ भन्ने विश्वास लिएको, नागरिकका साझा अपेक्षाहरू पुरा गर्ने कार्यमा यो अधिवेशन फलदायी हुने, प्रदेश सभाका गतिविधिहरूलाई नागरिकले नजिकबाट नियालिरहेको यो अवसरमा माननीयज्यूहरूले आफ्नो प्रस्तुति र क्रियाकलाप प्रभावकारी रूपले प्रस्तुत गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु भन्नुहुँदै अधिवेशनमा सबै माननीयहरूलाई स्वागत गर्दै यो अधिवेशन सफलताको शुभकामना व्यक्त गर्नुभयो।

त्यसपछि माननीय सभामुखले प्रदेश सभा नियमावली, २०७४ को नियम ११ बमोजिम सभामुख र उपसभामुखको अनुपस्थितमा बैठकको अध्यक्षता गर्न निम्नलिखित माननीय सदस्यहरूलाई गर्नुभएको मनोनयनलाई सभाले सहमति जनायोः-

१.माननीय सुना परियार		२.माननीय तारानारायण श्रेष्ठ

३.माननीय हरि प्रसाद सापकोटा		३.माननीय लक्ष्मी घिमिरे

तत् पश्चात माननीय मुख्यमन्त्री श्री इन्द्र बहादुर बानियाँले समय माग गरि अधिवेशन सफलताको सुभकामना व्यक्त गर्दै नयाँ पुस्ताको आन्दोलनपछि भएको निर्वाचनबाट गठित भएको सरकारले प्रदेश सभाका माननीय सदस्यहरुको स्वकिय सचिवको सुविधा उपलब्ध गराउने सम्बन्धी पत्र प्रदेश सरकारलाई पठाउने आश्वासन पुरा नभएको, सरकारी सञ्चार माध्यमलाई मात्रै प्राथमिकतामा राखिएको लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो।

त्यसपछि सभामा प्रतिनिधित्व गर्ने देहायका राजनीतिक दलका नेता तथा प्रतिनिधिहरूलाई अधिवेशन सफलताको शुभकामना मन्तव्य राख्नु भयोः

१. माननीय शालिकराम जम्कट्टेल		२.माननीय रामकृष्ण चित्रकार

३.माननीय जगन्नाथ थपलिया		४.माननीय भुवन कुमार पाठक

५.माननीय सुरेन्द्र राज गोसाई		६.माननीय शैलेन्द्रमान बज्राचार्य

तदुपरान्त माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रभात तामाङले आर्थिक वर्ष २०८३/८४ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)" प्रस्तुत गरी सभामा पेस गर्नुभयो।

त्यसपछि माननीय सभामुखले आर्थिक वर्ष २०८३/८४ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)" माथिको छलफलको लागि यही मिति २०८३ साल जेठ १२ गतेको दिन तोकेको व्यहोरा जानकारी गराउँदै उक्त छलफलको क्रममा माननीय सदस्यहरुबाट उठाइएका विषयहरुको टिपोटको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश सभा सचिवालयलाई निर्देश गर्नुभयो।

तदुपरान्त माननीय सभामुखले मिति २०८३ साल जेठ १२ गते मंगलबार दिनको ५:०० बजे माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको बैठकमा प्रदेश सरकारको आ. व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सम्बोधन गर्नुहुने भएकोले माननीय सदस्यहरूलाई औपचारिक पोसाकमा १५ मिनेट अगावै उपस्थित हुन अनुरोध गर्नुभयो।

तदनन्तर सभाको अर्को बैठक मिति २०८३ जेठ १२ गते मंगलबार बिहान ११:०० बजे बस्ने यो बैठक दिनको ४:०० बजे स्थगित भयो।